# तथ्याङ्क  समन्वय कार्यालय
# धनगढी, कैलालीको
# वार्षिक प्रगति प्रतिवेदन
# आ.व. २०८२/०८३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क  समन्वय कार्यालय, कैलाली
२०८३

| | |
|---|---|
| प्रकाशक: | तथ्याङ्क समन्वय कार्यालय, कैलाली |
| फोन. नं: | ०९१-५९१३४७ |
| इमेल : | scokailali@gmail.com |
| वेबसाइट: | https://scokailali.nsonepal.gov.np/ |
| प्रकाशन वर्ष: | भाद्र, २०८३ |
| प्रकाशन परिमाण : | प्रति |
| मुद्रक: | |


| अनुरोध |
|---|
| मुलुकको आर्थिक विकास तथा योजना निर्माणमा यथार्थ तथ्याङ्कको महत्वपुर्ण भुमिका रहन्छ । राष्ट्रिय तथ्याङ्ग कार्यालय र यस कार्यालयबाट समय-समयमा सञ्चालन गरिने विभिन्न गणना, सर्वेक्षण र लगत सूची संकलन कार्यका लागी खटिई आउने कर्मचारीलाई सहि सत्य विवरणहरु उपलब्ध गराई मुलुकको विकास सम्बन्धी योजना निर्माणमा सहयोग गरिदिन हुन अनुरोध छ । तपाईले उपलब्ध गराउनु भएको तथ्याङ्क, तथ्याङ्क ऐन, २०७९ बमोजिम गोप्य रहनेछन् साथै उक्त तथ्याङ्क तथ्याङ्कीय प्रयोजनका लागी साव प्रयोग गरिनेछन् । |
| **तथ्याङ्क समन्वय कार्यालय, कैलाली** |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
**तथ्याङ्क समन्वय कार्यालय, कैलाली**

**पत्र. संख्या**
**च. नं.**

**मन्तव्य**

नेपाल सरकारको तथ्याङ्कसम्बन्धी नीति, योजना तथा कार्यक्रमलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विश्वसनीय, गुणस्तरीय र समयसापेक्ष तथ्याङ्क तथा सूचना उपलब्ध गराउने कार्यमा तथ्याङ्क समन्वय कार्यालय, कैलालीले निरन्तर आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । तथ्याङ्कमा आधारित नीति निर्माण, विकास योजना तर्जुमा, स्रोतको उचित परिचालन तथा कार्यक्रमको प्रभावकारी अनुगमन र मूल्याङ्कनका लागि तथ्याङ्कको महत्त्व दिनप्रतिदिन बढ्दै गएको सन्दर्भमा कार्यालयका गतिविधिहरूलाई थप व्यवस्थित, परिणाममुखी र सेवाग्राहीमैत्री बनाउनु हाम्रो प्रमुख दायित्व रहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा कार्यालयबाट सञ्चालन गरिएका विभिन्न तथ्याङ्कीय गतिविधि, सर्वेक्षण तथा गणना, तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशन, तथ्याङ्कीय समन्वय, क्षमता विकास, अन्तरनिकाय सहकार्य एवं अन्य नियमित प्रशासनिक तथा संस्थागत कार्यहरूबाट प्राप्त उपलब्धिहरूलाई समेटी यो **वार्षिक प्रगति प्रतिवेदन** तयार गरिएको हो । यस प्रतिवेदनले कार्यालयले वर्षभरि सम्पादन गरेका प्रमुख कार्यहरू, हासिल गरेका प्रगति, उपलब्धि, सिकाइ तथा आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरूको समग्र चित्र प्रस्तुत गर्ने विश्वास लिएको छु । सीमित स्रोत–साधन, जनशक्ति तथा विभिन्न व्यावहारिक चुनौतीका बाबजुद कार्यालयका गतिविधिहरूलाई निर्धारित लक्ष्यअनुरूप अघि बढाउन सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कर्मचारीहरू, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायहरू, सरकारी तथा गैरसरकारी संघ–संस्था, सरोकारवाला निकाय एवं तथ्याङ्कीय कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु। आगामी दिनमा पनि तथ्याङ्कको गुणस्तर, विश्वसनीयता, उपयोगिता र पहुँचलाई थप सुदृढ गर्दै तथ्याङ्कमा आधारित विकास व्यवस्थापनमा कार्यालयको योगदानलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, यस प्रगति प्रतिवेदनले कार्यालयको वार्षिक कार्यसम्पादनको अभिलेखीकरण मात्र नगरी आगामी कार्यदिशा निर्धारण, कार्यसम्पादनको समीक्षा तथा सुधारका लागि समेत उपयोगी आधार प्रदान गर्ने अपेक्षा लिएको छु। प्रतिवेदन तयार गर्न प्रत्यक्ष रुपमा सलग्न तथ्याङ्क अधिकृत दानवहादुर ऐडी र कर्णवहादुर क्षेत्री तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण सहकर्मी साथीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

गोविन्द प्रसाद न्यौपाने
तथ्याङ्क समन्वय अधिकारी
तथ्याङ्क समन्वय कार्यालय, कैलाली

## विषय-सूची


खण्ड १: कार्यालयको परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ काम, कर्तव्य र अधिकार ........ २

१.३ कार्यालयको संगठन संरचना ........ ३

१.४ तथ्याङ्क  समन्वय कार्यालयका कार्यालय प्रमुखहरुको नामावलीः ........ ३

खण्ड २ः वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण ........ ४

२.१ राष्ट्रिय लेखा कार्यक्रम ........ ४

२.१.१ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम ........ ४

२.१.२ वार्षिक राष्ट्रिय लेखा कार्यक्रम ........ ५

२.२ मूल्य तथ्याङ्क कार्यक्रम ........ ५

२.२.१ औद्योगिक उत्पादन / उत्पादक मूल्य सूचकाङ्क ........ ६

२.२.२ कृषिजन्य वस्तुहरुको स्थलगत मूल्य सूचकाङ्क तथ्याङ्क  संकलनः ........ ६

२.२.३ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क तथ्याङ्क  संकलन ........ ७

२.३ गोष्ठी तथा अन्तर्किया कार्यक्रम ........ ८

२.३.१ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गोष्ठी ........ ८

२.३.२ प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानको सार्वजनिकीकरण ........ ८

२.३.३ तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तर्क्रिया कार्यक्रम ........ ९

२.४ सर्वेक्षण ........ ९

२.४.१ निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सर्वेक्षण ........ ९

२.४.२ व्यावसायिक तरकारीबाली सर्वेक्षण ........ १०

२.४.३ सहकारी सर्वेक्षण ........ १०

२.४.४ नेपाल स्थल यातायात सर्वेक्षण ........ ११

२.४.५ आन्तरिक पर्यटन  सर्वेक्षण ........ ११

२.५  वस्तुगत विवरण तयारी तथा प्रकाशन ........ १२

खण्ड ३: जनतालाई दिइने सेवा तथा त्यसको व्यवस्थापन ........ १३

३.१ कार्यालयमा प्रकाशन र वितरणको व्यवस्था : ........ १३

३.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशनहरुको माग तथा आपूर्ति व्यवस्था ........................................ १३
३.३ पुस्तकालयको स्थापना तथा प्रयोग ........................................ १३
३.४ कार्यालयबाट जारी भएको नागरिक वडापत्र ........................................ १४
३.५ सेवा प्रवाह प्रकृया तथा व्यवस्थापन ........................................ १५
खण्ड ४: कार्यालयको आर्थिक प्रशासन विवरण ........................................ १६
४.१ गत आ .व. २०८२/८३ को बजेट, खर्च, भौतिक तथा वित्तीय प्रगति ........................................ १६
४.२ कार्यक्रम तर्फको वार्षिक बजेट, खर्च, वित्तिय र भौतिक प्रगति ........................................ १७
४.३ बेरुजुको अवस्था ........................................ २०
४.४ कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण ........................................ २०
खण्ड ५ः कार्यालयको भौतिक अवस्था ........................................ २१
५.१ कार्यालयको भौतिक पूर्वाधार ः ........................................ २१
५.२ सम्पत्ति तथा जिन्सी मालसमानको विवरण र अवस्था ........................................ २१
खण्ड ६ः सूचना तथा प्रविधिको अवस्था ........................................ २३
६.१ सूचना प्रविधिको भौतिक पुर्वाधारको विवरण ........................................ २३
६.२ सफ्टवेयरको प्रयोग ........................................ २४
६.३ कर्मचारीहरुमा सप्टवेयर ज्ञान ........................................ २४
६.४ सूचना प्रविधि सम्बन्धि तालिमको आवश्यक्ता ः ........................................ २४
खण्ड ७ः कार्यालयका समस्या र समाधानका उपायहरु ........................................ २५
७.१ कार्यालयका मौजुदा समस्या विभिन्न ........................................ २५
७.२ समस्या समाधानका उपायहरु ........................................ २५
केहि प्रतिनिधिमुलक तस्विरहरु ........................................ २६

# खण्ड १ः कार्यालयको परिचय

## १.१ पृष्ठभूमि

नेपालमा आवधिक योजना सुरुवात भएको दुई वर्षपछि अर्थात् वि.सं. २०१५ मा तथ्याङ्क ऐन जारी भई सोही साल पुस १७ गते साविक केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको देखिन्छ । यसबाट नेपाल सरकारले सात दशक अगाडि नै जनता र मुलुकको ठोस हित हुने नीति निर्माण गर्नका लागि अत्यावश्यक तथ्याङ्कको महत्त्वलाई आत्मसाथ गरेको यथार्थ स्पष्ट हुन्छ । केन्द्रीय तथ्याङ्क विभाग स्थापना हुनुभन्दा अगाडि वि.सं. २००७ सम्म नेपालको तथ्याङ्कीय कार्यसम्पादन गर्नका लागि औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा र जनसंख्या गोश्वरा गरी दुईवटा अड्डाहरु रहेको पाइन्छ । वि.सं. २००७ मा ती दुवै अड्डाहरु गाभेर संख्या विभाग स्थापना भएको देखिन्छ । तथ्याङ्क नियमावली,२०१७ तथा तथ्याङ्क नियमावली,२०४१ को व्यवस्था र निजामती सेवा ऐन,२०४९ मा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र तथ्याङ्क समूह गठन हुनु नेपालको तथ्याङ्कीय विकासक्रमका अविस्मरणीय परिघटनाहरु हुन् । वि.सं. २०५० मा केन्द्रीय तथ्याङ्क विभागको मातहत ३३ ओटा तथ्याङ्क कार्यालयहरु स्थापना गरिए । साविकको केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क ऐन, २०७९ बमोजिम वि.सं.२०७९ साल आश्विन २८ गते देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहने गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ । ऐन अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रुपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ । राष्ट्रिय तथ्याङ्क कार्यालय मातहत तथ्याङ्क समन्वय कार्यालय,कैलाली रहेको छ । जसको कार्य क्षेत्र कैलाली, कञ्चनपुर, डडेल्धुरा, बझाङ, बैतडी र दार्चुला गरी ६ जिल्लाहरू रहेकाछन् । यो कार्यालय सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढी उपमहानगरपालिका वडा नं.५, तारानगर स्थित भाडाको भवनमा सञ्चालनमा रहेको छ ।

## १.२ काम, कर्तव्य र अधिकार

तथ्याङ्क समन्वय कार्यालय, कैलाली लगायत राष्ट्रिय तथ्याङ्क कार्यालयले मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन्

क) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आफ्नो क्षेत्रमा सञ्चालन गरीने गणना एवं सर्वेक्षणमा संलग्न हुने,

ख) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने,

ग) राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्ने तथ्याङ्कीय कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग गर्ने,

घ) केन्द्रीय कार्यालयले जिल्लाबाट संकलन गर्न निर्देश गरिएका विविध क्षेत्रका द्वितियक तथ्याङ्क संकलन गर्ने,

ङ) प्रदेश र कार्यक्षेत्र अन्तर्गतका जिल्ला एवम् स्थानीय तहको वस्तुगत विवरण तयार पार्ने ,

च) जिल्लास्तरीय तथ्याङ्क विकास कार्यक्रम बनाई केन्द्रमा पठाउने,


छ) जिल्लास्तरीय तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,

ज) वडा र गणना क्षेत्रको सिमाना, धरातल र घरपरिवारको निर्दिष्ट स्थान छुट्टयाउने गरी नक्साङ्कन गर्ने ,

झ) योजना, नीति निर्माण, अध्ययन अनुसन्धान एवम् अनुगमन मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

ञ) तथ्याङ्कीय अभिलेखहरूको संरक्षण गर्ने, आदि ।

## १.३ कार्यालयको संगठन संरचना




## १.४ कर्मचारी पदपूर्तीको अवस्था

| सि.न. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा.प. द्वितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| २ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | २ | २ | |
| ३ | सुपरिवेक्षक | रा.प.अनं.प्रथम | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ७ | ६ | |
| ४ | गणक | रा.प.अनं.द्वितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | २ | |
| ५ | खरिदार | रा.प.अनं.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ६ | सहलेखापाल | रा.प.अनं.द्वितीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | करार |
| जम्मा | | | | | १८ | १६ | |

## १.४ तथ्याङ्क समन्वय कार्यालयका कार्यालय प्रमुखहरुको नामावली:

| क्र.स. | नामथर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | गोविन्द प्रसाद न्यौपाने | तथ्याङ्क समन्वय अधिकारी | २०८१।४।०१ | हाल सम्म |

# खण्ड २: वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण

## २.१ राष्ट्रिय लेखा कार्यक्रम

राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product-GDP), कुल राष्ट्रिय आय (Gross National Income- GNI) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकहरू तयार गर्दै आईरहेको छ । राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालय (रा.त.का.) ले आफैंले उत्पादन गरेका तथ्याङ्कको साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ । सबै तथ्याङ्क समन्वय कार्यालयहरूले रा.त.का. ले निर्दिष्ट गरे बमोजिम विभिन्न किसिमका तथ्याङ्क संकलन गरेर तोकिएको समय-सीमा भित्र कार्यालयमा आईपुग्ने गरी पठाउनु पर्नेछ ।

### २.१.१ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम

साविकको केन्द्रीय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालय )को राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product-GDP), कुल राष्ट्रिय आय (Gross National Income -GNI) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकहरु तयार गर्दै आईरहेको छ । राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले उत्पादन गरेका तथ्याङ्कहरुका साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ । त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयलाई निर्दिष्ट गरे बमोजिमका विभिन्न तथ्याङ्कहरु नियमित रुपमा संकलन गरी तोकिएको समय-सीमा भित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरीन्छ।तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक लेखा अनुमान कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने कार्यक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन्

| सि.नं. | त्रै.रा.ले. फाराम नं. | तथ्याङ्क संकलन गर्नुपर्ने स्थान | तथ्याङ्क संकलनका लागि छानिएका संस्था |
|---|---|---|---|
| १ | QNA_A1: कृषि | सबै जिल्ला | कृषि ज्ञान केन्द्र |
| २ | QNA_A2: पशुपन्छी | सबै जिल्ला | पशु सेवा कार्यालय/कृषि ज्ञान केन्द्र |
| ३ | QNA I1:तारे होटल | सबै तारे होटल | सबै तारे होटलहरू |
| ४ | QNA I2: होटल तथा रेष्टुरेण्ट | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका होटल तथा रेष्टुरेण्ट | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| ५ | QNA_E1: खानेपानी उपभोक्तासमिती | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका खानेपानी उपभोक्ता समिती | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| ६ | QNA H1: सवारीसाधनविवरण | सबै यातायात व्यवस्था कार्यालय | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लास्थित यातायात व्यवस्था कार्यालय |

यस कार्यालयले आ.व. २०८२/८३ को प्रथम त्रैमासिकको मंसिरको तेस्रो हप्ता, दोस्रो त्रैमासिकको फाल्गुन तेस्रो हप्ता, तेस्रो त्रैमासिकको जेष्ठ तेस्रो हप्ता, र चौथो त्रैमासिकको भाद्र तेस्रो हप्ता तथ्याङ्क समन्वय कार्यालयले उल्लेखित क्षेत्रका तथ्याङ्क क्रमश: फाराम थान २९ /२९ राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराइएको Online Data Entry गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउँदै आएको छ

### २.१.२ वार्षिक राष्ट्रिय लेखा कार्यक्रम

वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई जिल्ला स्तरका आवश्यक पर्ने विभिन्न क्षेत्रका तथ्याङ्कहरु तथ्याङ्क समन्वय कार्यालयबाट संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिएको छ । गत आ.व.मा रा.त.का.बाट प्राप्त फाराम र व्यावसायिक प्रतिष्ठानको सूची अनुसार वार्षिक राष्ट्रिय लेखाको लागि तथ्याङ्क संकलन गरी Online Data Entry गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाईएको छ । तथ्याङ्क समन्वय कार्यालयले वार्षिक राष्ट्रिय लेखा अनुमान कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने कार्यक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन्।

| सि.नं. | वा.रा.ले. फाराम नं. | तथ्याङ्क संकलन गर्नुपर्ने स्थान | तथ्याङ्क संकलनका लागि छानिएका संस्था |
|---|---|---|---|
| १ | ANA A1: सामुदायिक वन | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका सामुदायिक वन | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| २ | ANA B1: खानी तथा उत्खनन् | सबै स्थानीय तह | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लास्थित सबै स्थानीय तहहरू |
| ३ | ANA F1: भवन तथा सडक निर्माण | सबै स्थानीय तह | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लास्थित सबै स्थानीय तहहरू |
| ४ | ANA H1: स्टोरेज | क) तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लाहरूमा कुल दश वा सो भन्दा कम सङ्ख्याका स्टोरेज भएमा सबै स्टोरेजबाट।<br>ख) दशभन्दा बढी भएमा कम्तिमा ११ र बढीमा १५ ओटा स्टोरेजबाट | स्टोरेजहरू छनोट गर्नु पर्ने भएमा तथ्याङ्कीय विधि प्रयोग गरेर सबै स्टोरेजको प्रतिनिधित्व हुने गरी तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने।<br>(गत आ.व. मा छनोट भएका) |
| ५ | ANA I1:होटल तथा रेष्टुरेण्ट | क) पाँच र चार तारे सबै होटलहरू<br>ख) अन्य तारे होटलहरूमध्ये प्रत्येक जिल्लाबाट उपलब्ध भएसम्म बढीमा ३/३ वटा<br>ग) अन्य होटल तथा रेष्टुरेण्टमध्ये तोकिएबमोजिमको सङ्ख्यामा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ६ | ANA J1: एफ. एम. रेडियो | प्रत्येक जिल्लाबाट १/१ वटा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ७ | ANA J2: केबुल टेलिभिजन | प्रत्येक जिल्लाबाट १/१ वटा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ८ | ANA_Cop.:सहकारी (बचत तथा ऋण) संस्था | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका सहकारी संस्था | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |

## २.२ मूल्य तथ्याङ्क कार्यक्रम

आधिकारिक तथ्याङ्क उत्पादन गर्ने दुई सरकारी निकायहरू रा.त.का. र ने.रा.बै. ले आफ्नो आवश्यकतानुसार मूल्य सूचकाङ्क निर्माणको काम गर्दै आइरहेका छन् । रा.त.का.ले हाल त्रैमासिक रूपमा औद्योगिक उत्पादक मूल्य सूचकाङ्क (Industrial Producer Price Index-IPPI), कृषि उत्पादक मूल्य सूचकाङ्क (Agriculture Producer Price Index-APPI) र निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (Input Price Index of Construction Sector- IPICS) तयार गरी प्रकाशन गर्दै आइरहेको छ । रा.त.का.ले आ.व. २०३१/३२ मा वार्षिक सूचकाङ्कको तयारी सुरु गरेको देखिन्छ भने चौमासिक र त्रैमासिक PPI को सम्पादन क्रमश: २०५३/५४ र २०५८/५९ मा सुरु गरेको थियो । यसका साथै, अन्तर्राष्ट्रियस्तरमा वास्तविक कुल गार्हस्थ्य उत्पादन (Real Gross Domestic Product), क्रयशक्ति समता (Purchasing Power Parity-PPP) र मूल्य तह सूचकाङ्क (Price Level Index) मापनको लागि १७० भन्दा बढी देशहरूमा एकैपटक सञ्चालन हुने International Comparison Program-ICP मा नेपाल पनि सन् २००५ देखि सहभागी भई मूल्य सर्वेक्षणहरू सञ्चालन गर्दै आइरहेको छ । त्यस्तै, ने.रा. बै.ले हाल उपभोक्ता

मूल्य सूचकाङ्क (Consumer Price Index-CPI), थोक मूल्य सूचकाङ्क (Wholesale Price Index- WPI), तलब तथा ज्याला दर सूचकाङ्क (Salary and Wage Rate Index- SWRI) र आयात-निर्यात मूल्य सूचकाङ्क (Import Export Price Index-IEPI) हरू नियमित रूपमा प्रकाशन गर्दै आइरहेको छ ।

### २.२.१ औद्योगिक उत्पादन/उत्पादक मूल्य सूचकाङ्क

संयुक्त राष्ट्रसंघले तयार गरेको अन्तरराष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण (International Standard Industrial Classification - ISIC Rev ४) अनुसार प्रतिष्ठानले सम्पादित आर्थिक क्रियाकलापहरूको आधारमा वर्गीकरण गरेका २१ ओटा आर्थिक क्षेत्रहरूमध्ये चार क्षेत्रहरू क्रमशः B) खानी तथा उत्खनन् (Mining and Quarrying- C) उद्योग (Manufacturing- D) विद्युत, ग्याँस स्टिम, वातानुकुलित वस्तुको आपूर्ति (Electricity, Gas, Steam and Air-conditioning -E) पानी आपुर्ति, ढल निकास, फोहर व्यवस्थापन तथा उपचारात्मक क्रियाकलापहरु (Water Supply, Sewerage, Waste management, Remediation Activities )

काठमाडौं उपत्यका खानेपानी लिमिटेड र केही खानेपानी उपभोक्ता समितिबाट वार्षिक रूपमा सङ्कलन गरिएका खानेपानी महसुलहरू सङ्कलन गरीन्छ । आ.व. २०७२/७३ मा राष्ट्रिय लेखामा खानेपानी क्षेत्रको उत्पादनलाई समग्र खानेपानी क्षेत्रको भारको रूपमा प्रयोग गरिएको छ । त्यस्तै विद्युत क्षेत्रको उत्पादक मूल्यको रूपमा नेपाल विद्युत प्राधिकरणले वार्षिक रूपमा सङ्कलन गरेको महसुलको तथ्याङ्कलाई सङ्कलन गरीन्छ भने ग्यासको लागि नेपाल आयल निगमले तोकिएको ग्याँसको मूल्यलाई लिने गरिएको छ । औद्योगिक PPI को लागि खानेपानी र विद्युतको भार क्रमश ०.२५ प्रतिशत र ९.३१ प्रतिशत हुन आएको छ ।यसरी चारैओटा क्षेत्रहरू क्रमशः खानी र उत्खनन्, उद्योग, खानेपानी र विद्युतको छुट्टाछुट्टै PPI तयार भइसकेपछि चारै क्षेत्रको संयुक्त सूचकाङ्क (Composite Index) को रूपमा औद्योगिक PPI तयार गरीन्छ । तयारी गरिएको उद्योगको र औद्योगिक PPI रा.त.का. को आधिकारिक वेबसाइट https://nsonepal.gov.np/industrial-producers-price-index-iPPI/ बाट प्राप्त गर्न सकिन्छ । उक्त सूचकाङ्क निकाल्नको लागि यस कार्यालयबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनाको तेस्रो र चौथो हप्ता तथ्याङ्क संकलन तथा प्रविष्टि गरी पठाइनुपर्ने व्यवस्था बमोजिम नै समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ ।

### २.२.२ कृषिजन्य वस्तुहरुको स्थलगत मूल्य सूचकाङ्क तथ्याङ्क संकलन:

नेपाल कृषिप्रधान मुलुक हो । यहाँको दुई तिहाई भन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न छन् भने कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी हिस्सा कृषि क्षेत्रको रहेको छ । तसर्थ, कृषि क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा वार्षिक रुपमा पुर्याएको योगदान महत्त्वपूर्ण रहि आएको छ । कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरुको उत्पादन भएको समयको मूल्य नितान्त आवश्यक हुन्छ । कृषिजन्य वस्तुहरुको उत्पादनको आवधिक एवम् स्थान विषेशको मूल्यले राष्ट्रिय आयको अनुमान गर्न मात्र सहयोग नगरी बजारमा माग र आपूर्तिको व्यवस्थापन गर्न समेत ठूलो मद्दत गर्दछ । यसको साथ साथै कृषिक्षेत्रको नीति तथा कार्यक्रम

तजुर्मा ,कार्यान्वयन,अनुगमन तथा मूल्यांकन गर्न पनि कृषि वस्तुहरुको आवधिक एवम् स्थान विशेषको मूल्य अपरिहार्य हुन्छ । आ.व. २०६५/०६६ देखि साविकको केन्द्रीय तथ्याङ्क विभाग (राष्ट्रिय तथ्याङ्क कार्यालय) को कृषि तथ्याङ्क शाखाले प्रमुख कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य संकलन कार्यक्रम सञ्चालन गरेको थियो । आ.व. २०६६/०६७ दखि मूल्य तथ्याङ्क शाखाले सो कार्यलाई निरन्तरता दिँदै आई रहेको छ । तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा सफ्टकपी पठाउने गरीन्छ । कृषि सम्बन्धी मूल्य तथ्याङ्क संकलन गर्नको लागि ४ ओटा जिल्लाका ५/५ जना अगुवा कृषकहरुको कृषि ज्ञान केन्द्र कार्यालयबाट प्राप्त कृषकको सूचीबाट छनोट गरिएको छ । छानिएका कृषकहरुबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा चालु त्रैमासिकको प्रत्येक महिनाको उत्पादित वस्तुहरुको स्थलगत मूल्य संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयममा पठाइएको छ ।

### २.२.३ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क तथ्याङ्क संकलन

(Input Price Index of construction Sector- IPICS) निर्माण सामग्रीमा प्रयोग हुने निर्माण सामग्रीहरुको औसत खुद्रा मूल्यमा हुने वार्षिक परिवतर्नको बारेमा जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्कको निर्माण गरिएको हो । आधार वर्ष २०४१/०४२ लाई लिएर निर्माण गरिएको यस सूचकाङ्कमा निर्माण सामग्रीहरु जस्तैः चिरान काठ,सिमेन्ट,ईट्टा,फलामे छड र ज्यालादर समावेश गरिएको थियो । निर्माण सामग्रीहरुको मूल्य सूचकाङ्क (Price Index Of Some Construction Materials) र निर्माणक्षेत्रको ज्याला सूचकाङ्क (Wage Index Of Construction Workers) को संयुक्त सूचकाङ्क (Composite Index) को रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क निर्माण गरिएको थियो । उपयोगकर्ताको माग र सुझाव अनुसार आ.व. २०५७/०५८ देखि यो सूचकाङ्क त्रैमासिक रुपमा निर्माण गर्न शुरु गरिएको हो । त्रैमासिक सूचकाङ्कहरु बिन्दुगत प्रणालीमा आधारित भएकोले वर्तमान त्रैमासिक सूचकाङ्क अघिल्लो वर्षको सोही त्रैमासिकको मूल्यसंग तुलना गरी निर्माण गरिएको हुन्छ । बदलिदो समयको माग अनुसार आ.व. २०६३/०६४ लाई आधार वर्ष मानेर बिन्दुगत नभई श्रेणीगत हिसाबले त्रैमासिक रुपमा सूचकाङ्क निर्माण शुरु गरी आधार वर्षको मूल्यसँग तुलनायोग्य बनाइएको छ । निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क तयार गर्नका लागि तथ्याङ्क कार्यालयले प्रत्येक त्रैमासिकमा नियमित रुपमा निर्माण सामग्रीहरुको खुद्रा मूल्य (बजार मूल्य) तथा निर्माण काममा संलग्न कामदारहरुको ज्यालादर सम्बन्धी विवरणहरु यस कार्यालयका कार्यक्षेत्र अन्तर्गत पर्ने जिल्ला मध्ये दार्चुला र डडेल्धुरा बाट ५/५ वटा तथा कञ्चनपुर जिल्लाबाट ७ वटा फारामहरुबाट विवरण संकलन गरी तोकिएको समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा सफ्टकपी पठाउने गरिन्छ । मूल्य संकलनका लागि छनोट गरिएका सामग्रीहरुमा ईट्टा,ढुङ्गा,छड,काठ,रङ्ग,सिमेन्ट,विद्युतीय सामग्री आदि जस्ता २४ किसिमका सामग्रीहरु छन् । यसै गरी निर्माण काममा संलग्न कामदारमा इन्जिनियर,सुपरभाइजर,डकर्मी,सिकर्मी,पेन्टर जस्ता ८ किसिमका कामदारहरुको ज्यालादर संकलन गरिन्छ । चालु आ.व. २०८२/२०८३ मा यस नियमित

तथ्याङ्क संकलन तथा आधार वर्ष परिवर्तन गर्न विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ ।

## २.३ गोष्ठी तथा अन्तर्किया कार्यक्रम

तथ्याङ्क लुकाएर राख्नु पर्छ सहि तथ्याङ्क दिए करको दायरामा परिन्छ भन्ने तथ्याङ्क प्रतिको गलत बुझाई चिर्न, तथ्याङ्कको प्रयोग र आवश्यकता सम्बन्धी जानकारी दिन, तथ्याङ्कको उपयोगिता बढाउन, तथ्याङ्कको प्रयोग गरी नीति निर्माण र निर्णय गर्न अभिप्रेरित गर्न, राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्य निकायले उत्पादन गरेका तथ्याङ्कको बारेमा अभिमूखीकरण गर्न तथा स्थानीय निकायहरुलाई राष्ट्रिय तथ्यगत विवरणमा तथ्याङ्क प्रविष्टि गर्न अभिप्रेरित गर्न, निकट भविष्यमा हुने गणना सर्वेक्षणको लागि पृष्ठपोषण लिन लगायतका उद्देश्यहरु राखेर तथ्याङ्कीय साक्षरता कार्यक्रम, प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानको सार्वजनिकीकरण, तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसंग अन्तर्क्रिया कार्यक्रम सम्बन्धी गरी जम्मा ३ प्रकारका ९ वटा गोष्ठी तथा अन्तर्किया कार्यक्रम यस कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सञ्चालन गरिएकोमा करिब ६४४ जना लाभान्वित भएका थिए । जसको संक्षिप्त वर्णन निम्नानुसार गरिएको छ ।

### २.३.१ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गोष्ठी

तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाइ सचेत गराउन सकेमा तथ्यमा आधारित निर्णय तथा योजना प्रणालीको विकास गर्न सघाउ पुग्दछ। तथ्याङ्कीय साक्षरता कार्यक्रमले सहि तथ्याङ्कको प्राप्ती र यसको बैज्ञानिक प्रयोग गरी सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी अधिकतम उपलब्धी हासिल गर्ने दिशा तर्फ उन्मूख गराउन प्रेरित गर्दछ । यसै कुरालाइ मनन् गरी आ.व. २०८२।८३ मा यस कार्यालयमा विवियोजित बजेट तथा कार्यक्रम अनुसार ६ पटक स्थानीय तहहरूको लागि साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रमलाई थप विस्तार गर्न आवश्यक देखिन्छ । यस कार्यक्रमबाट करिब ४२४ जना लाभान्वित भएका थिए ।

### २.३.२ प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानको सार्वजनिकीकरण

अर्थतन्त्रका विविध पक्षलाई मापन गरि आर्थिक नीति निर्माण गर्न र आर्थिक गतिविधिको अनुगमन तथा मूल्याङ्कन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय तहको कुल ग्राहस्थ उत्पादन लगायतका आर्थिक सूचकहरु सार्वजनिकीकरण गर्दै आएको छ । यसै सन्दर्भमा नेपालमा पहिलो पतक अनुमान प्रकाशन गर्ने कार्य आर्थीक वर्ष २०२१।२२ देखि भएको देखिन्छ । यसै क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक राष्ट्रिय लेखाका प्रारम्भिक अनुमान प्रकाशन गरिसकेको छ । देशमा संघीय शासन प्रणाली शुरु भएसंगै प्रादेशिक तहमा भएको आर्थिक गतिविधिको मापन गर्न र प्रदेशमा देखिएका सामाजिक तथा आर्थिक असमानतालाई न्यूनीकरण गर्नका लागि आवश्यक नीति निर्माण गर्न र विकासका गतिविधिलाई प्रभावकारी

बनाउन प्रदेशस्तरको कुल गार्हस्थ उत्पादन आवश्यक पर्दछ। यही विषयलाई ध्यानमा राखी राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रदेशस्तरको कुल गार्हस्थ उत्पादनको अनुमान गर्ने कार्य आ.व.२०७५/०७६ देखि शुरु गरेको छ। यही क्रमको निर्नतरता स्वरुप आ.व.२०८२/०८३ का लागि प्रदेशस्तरको GDP लगायतका केही प्रमूख आर्थिक सूचक निर्माण गरी प्रकाशन गरिएको छ। प्रादेशिक राष्ट्रिय लेखा अनुमान गर्नका लागि उत्पादनमा आधारित Top Down विधिको प्रयोग गरिएको छ ।

सुदूरपश्चिम प्रदेशको समष्टिगत अर्थतन्त्रको बारेमा सरोकारवालाई जानकारी गराउन र आधारबर्ष परिवर्तनका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउन सहयोग गर्न अनुरोध गर्ने उद्देश्यले कैलाली जिल्लामा गोष्ठी गरिएकोमा करिब ४३ जना सहभागीहरु सुसूचित भएका थिए ।

### २.३.३ तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तर्क्रिया कार्यक्रम

तथ्याङ्क सम्बन्धी जानकारीमूलक सन्देश दिनका निमित्त तथ्याङ्क प्रदायक संस्था तथा व्यक्तिहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । जस अन्तर्गत दुईवटा कार्यक्रमहरु आलिताल गाउँपालिका, डडेल्धुरा र सुदुरपश्चिमाञ्चल क्याम्पस, धनगढीमा सञ्चालन गरिएको थियो । उक्त गोष्ठीमा १६५ जनाको सहभागिता रहेको थियो।

## २.४ सर्वेक्षण

### २.४.१ निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सर्वेक्षण

नेपालमा सञ्चालनमा रहेका सरकारी बाहेकका स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सम्बन्धी विस्तृत विवरण सङ्कलनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ सञ्चालन गरेको थियो । नेपालको अर्थतन्त्रमा स्वास्थ्य क्षेत्र आर्थिक गतिविधिको महत्वपूर्ण आधारका रूपमा रहिआएको छ । सार्वजनिक क्षेत्रमा सरकारी बाहेकका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले स्वास्थ्य सेवाको पहुँच विस्तार, सेवा विविधीकरण, प्रविधि उपयोग तथा रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका छन् । अर्थतन्त्रमा स्वास्थ्य क्षेत्रको योगदान मापनलाई यथार्थपरक, विश्वसनीय र अन्तर्राष्ट्रिय रूपमा तुलनायोग्य बनाउन भरपर्दो तथ्याङ्कको आवश्यकता पर्दछ । कुल गार्हस्थ्य उत्पादन (GDP) मा आ.व. २०८०/८१ मा 'मानव स्वास्थ्य तथा सामाजिक कार्य' क्षेत्रको योगदान १.९ प्रतिशत रहेको छ। यसै सन्दर्भमा, सरकारी बाहेकका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको सेवा उत्पादन लागत तथा खर्च संरचना लगायत अन्य विविध विषयसम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले यो सर्वेक्षण सञ्चालन गरिएको थियो । यस सर्वेक्षणबाट संकलित विवरणले स्वास्थ्य क्षेत्रको नीति निर्माण, योजना तर्जुमा तथा अनुगमन-मूल्यांकन र राष्ट्रिय लेखा अनुमानहरूलाई समेत यथार्थपरक बनाउन सहयोग पुर्याउने अपेक्षा गरिएको छ । यस सर्वेक्षणको दायरा भित्र देशभर सञ्चालनमा रहेका सरकारी स्वामित्व बाहेकका अस्पताल, पोलिक्लिनिक, क्लिनिक लगायतका मानव स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने कार्यमा संलग्न स्वास्थ्य संस्थाहरू समावेश गरिएका थिए । तथ्याङ्क समन्वय कार्यालय कैलालीको कार्यक्षेत्र भित्र नमुना छनोटमा परेका १३३ नमुना मध्ये ११२ वटा नमुनाको गणना गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा समयमै पठाइयो ।

### २.४.२ व्यावसायिक तरकारीबाली सर्वेक्षण

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ । कृषि क्षेत्र अन्तर्गत तरकारीबाली एउटा प्रमुख आर्थिक क्रियाकलापको रूपमा रहेको छ । तरकारी खेतीबाट छोटो समयमै राम्रो प्रतिफल प्राप्त गर्न सकिने भएकाले व्यावसायिक तरकारी खेतीप्रति किसानहरूको आकर्षण बढ्दो छ । यस व्यवसायले किसानको आयआर्जनमा सुधार ल्याउनुका साथै मुलुकलाई तरकारीमा आत्मनिर्भर बनाउन र राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन अहम् भूमिका खेलेको छ । यस क्षेत्रको वास्तविक अवस्था थाहा पाउनुका साथै यस क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको बढ्दो आवश्यकतालाई सम्बोधन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा व्यावसायिक तरकारीबाली सर्वेक्षण सञ्चालन गरेको थियो ।

यस सर्वेक्षणले रोजगारी सिर्जना, आम्दानी, खर्च, तरकारी बाली लगाएको क्षेत्रफल, उत्पादन, प्रविधि प्रयोगको अवस्था, मल, बीउ तथा विषादी प्रयोग लगायतका विविध विवरणहरू संकलन गरिएको थियो । यस सर्वेक्षणबाट प्राप्त हुने तथ्याङ्कहरू नीति निर्माण, योजना तर्जुमा र राष्ट्रिय लेखा अनुमानलाई यथार्थपरक बनाउन अत्यन्तै उपयोगी हुनुको साथै यस क्षेत्रसँग सम्बन्धित अध्ययन-अनुसन्धानकर्ता र व्यवसायीहरूका लागि समेत आवश्यक तथ्याङ्क उपलब्ध गराउने विश्वास लिइएको थियो ।

सर्वेक्षणको कार्यलाई व्यवस्थित र त्रुटिरहित बनाउन गणकहरूको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ । व्यावसायिक तरकारी खेती गर्ने कृषक परिवारमध्ये नमुना छनोटमा परेका २०१ जना कृषकहरुबाट तथ्याङ्क सङ्कलन गरी भरिएका सम्पूर्ण प्रश्नावलीहरु राष्ट्रिय तथ्याङ्क कार्यालयमा समयमै पठाईयो ।

### २.४.३ सहकारी सर्वेक्षण

नेपालमा रहेका सहकारी संघ/संस्थासम्बन्धी तथ्याङ्कको आवश्यकता र सहकारी क्षेत्रको अवस्थाको जानकारी प्राप्त गरी सहकारी क्षेत्रको प्रवर्द्धन गर्नका लागि आवश्यक नीति र योजना तर्जुमा गर्न तथा सहकारी क्षेत्रले कुल गार्हस्थ उत्पादनमा पुऱ्याएको योगदान तथा राष्ट्रिय लेखाको अनुमानको लागि भरपर्दो तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्न आवश्यक तथ्याङ्क परिपूर्तिका लागि सहकारी संघ संस्थाको सर्वेक्षण सञ्चालन गरिएको थियो। यस सर्वेक्षणको मुख्य उद्देश्य सन्दर्भ वर्ष (आ.व.२०८१/०८२) मा देशभर सञ्चालनमा रहेका सहकारी संस्थाहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, व्यवस्थापन, प्रकाशन तथा वितरण गर्ने र अर्थतन्त्रमा यस क्षेत्रले पुऱ्याएको योगदानको मापन गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउनु हो। यसका साथै नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता तथा अन्य प्रयोगकर्ताहरूलाई यस क्षेत्रसँग सम्बन्धित तथ्याङ्क उपलब्ध गराउनु पनि यस सर्वेक्षणको उद्देश्य हो। यस सर्वेक्षणको दायरामा नेपालभर संचालनमा रहेका सबै प्रकृतिका सहकारी संघ/संस्थाहरू पर्दछन्। यो सर्वेक्षणमा मुख्य गरेर रोजगारी सम्बन्धी विवरण, मध्यवर्ती उपभोग खर्च, आम्दानी, मौज्दात, स्थायी सम्पत्ती लगायतका विवरण सङ्कलन गरिएको थियो। तथ्याङ्क समन्वय कार्यालय, कैलालीको कार्यक्षेत्र भित्र नमुना छनोटमा परेका ३४३ वटा सहकारी संघ/संस्थाहरुबाट तथ्याङ्क सङ्कलन गरी भरिएका प्रश्नावलीहरु समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाईएको थियो ।

### २.४.४ नेपाल स्थल यातायात सर्वेक्षण

नेपालमा सार्वजनिक स्थल यातायात क्षेत्रले यात्रुवाहक तथा मालवाहक सेवा प्रदान गर्दै मुलुकको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । यस क्षेत्रले आम नागरिकको सहज र सुरक्षित आवागमनमा सहयोग गर्नुका साथै जीवनस्तर सुधारमा समेत उल्लेखनीय भूमिका निर्वाह गरेको छ । जनसंख्या वृद्धि, तीव्र शहरीकरण तथा आर्थिक गतिविधिहरूको विस्तारसँगै सार्वजनिक स्थल यातायात सेवाप्रतिको माग उल्लेखनीय रूपमा वृद्धि हुँदै गएकोले सवारी साधनको संख्या, संलग्न जनशक्ति, पूँजी लगानी तथा भौतिक पूर्वाधारहरूमा निरन्तर विस्तार भइरहेको छ । यद्यपि, सार्वजनिक स्थल यातायात क्षेत्रको संरचनात्मक अवस्था, संलग्न जनशक्ति, रोजगारी सिर्जना, पूँजी लगानी, सेवा प्रवाहको अवस्था तथा राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रले पुर्‍याएको योगदान सम्बन्धी अद्यावधिक तथ्याङ्कको अभाव रहँदै आएको छ । जसका कारण यस क्षेत्रको नीति निर्माण, योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई अपेक्षित रूपमा तथ्यपरक बनाउन कठिनाइ उत्पन्न भएको छ । यस पृष्ठभूमिमा सार्वजनिक स्थल यातायात क्षेत्रको विद्यमान अवस्थालाई समग्र रूपमा पहिचान गरी तथ्यमा आधारित नीति तथा योजना निर्माणमा सहयोग पुर्‍याउने, राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तनका लागि आवश्यक आधारभूत तथ्याङ्क उपलब्ध गराउने तथा मुलुकको अर्थतन्त्रमा यस क्षेत्रले पुऱ्याएको योगदानको मापन गर्ने उद्देश्यले "नेपाल स्थल यातायात सर्वेक्षण, २०८२" सञ्चालन गरियो । यस अघि सन् २०१३ मा नेपालमा पहिलो पटक नेपाल सार्वजनिक स्थल यातायात सर्वेक्षण" सम्पन्न गरिएको थियो भने यो सर्वेक्षण दोस्रो हो । यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत नमुना छनोटमा परेका २७२ वटा स्थल यातायात व्यवसायीहरुबाट तथ्याङ्क सङ्कलन गरी समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाईयो ।

### २.४.५ आन्तरिक पर्यटन  सर्वेक्षण

नेपाल प्राकृतिक सुन्दरता, भौगोलिक विविधता, ऐतिहासिक सम्पदा तथा सामाजिक विविधता जस्ता दृष्टिले भरिपूर्ण रहेकोले देशको आर्थिक विकासमा आन्तरिक पर्यटनको ठूलो संभावना र महत्व छ । आन्तरिक पर्यटनले अर्थतन्त्रमा गहिरो प्रभाव पार्दछ । यसबाट गन्तव्य स्थानको स्थानीय आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्नुका साथै भ्रमणकर्ता स्वयम् पनि लाभान्वित हुन्छन । पर्यटन विविध क्षेत्रसँग सम्बन्धित हुने भएकाले आय आर्जन र रोजगारी सिर्जनाको हिसाबले आन्तरिक पर्यटन अन्तर्गतका क्रियाकलापहरुको ठुलो योगदान हुन्छ । भरपर्दो पर्यटन तथ्याङ्कबाट सरकारलाई पर्यटनसँग सम्बन्धित बजार रणनीति तय गर्न, पर्यटन सम्बन्धी नीति तथा योजना बनाउन र अर्थतन्त्रमा पर्यटन क्षेत्रले पुर्याएको योगदानको मापन गर्न मद्धत पुग्दछ । यसरी पर्यटकीय तथ्याङ्कको आपूर्तिको लागि आन्तरिक पर्यटन सर्वेक्षण अपरिहार्य छ । यसका साथै TSA तयार गर्नको लागि आन्तरिक पर्यटनको तथ्याङ्क आवश्यक छ । आ.व. २०८२/८३ मा यस कार्यालयले १० प्राथमिक छनोट एकाइ ( Primary sampling Units ) मा गई प्रत्येक एकाइको सूचिकरण गरी Systematic Sampling Method प्रयोग गरी प्रत्येक एकाइबाट १२/१२ घरपरिवारको विस्तृत विवरण संकलन गरी पठाईयो ।

## २.५ वस्तुगत विवरण तयारी तथा प्रकाशन

खण्डीकृत तथ्याङ्क  समयको माग हो । नेपालको संविधानले ७ प्रदेश, ७७ जिल्ला र ७५३ ओटा स्थानीय तहको शासकीय संरचनालाई आत्मसात गरेको सन्दर्भमा नीति, योजना तथा सालबसाली विकास कार्यक्रमहरूका लागि तत् तहका वस्तुगत विवरणहरू अपरिहार्य हुन्छन् । तथ्य सम्मत निर्णय निर्माण प्रक्रियालाई संघीय देखि स्थानीय तहसम्मका राजनैतिक तथा प्रशासनिक नेतृत्वले वकालत गरिरहेको अवस्थामा समसामयिक, भरपर्दो र खण्डीकृत तथ्याङ्कको नियमित आपूर्ति एक चुनौतीका रूपमा उभिएको छ । गणना तथा सर्वेक्षणहरू निश्चित अन्तरालमा मात्र हुने र प्रशासनिक अभिलेखहरूको न्यून प्रशोधन एवम् उपयोग हुने गरेको परिप्रेक्ष्यमा प्रत्येक वर्ष जिल्ला वा स्थानीयस्तरको वस्तुगत विवरण तयार गर्नु चुनौतीपूर्ण देखिन्छ। जिल्लास्थित तथ्याङ्क कार्यालयहरूले विगतमा पनि आफ्नो कार्यक्षेत्र भित्रका सबै जिल्लाहरूको जिल्ला वस्तुगत विवरणहरू प्रकाशन गरेको तथ्य यहाँ स्मरणीय छ । ती प्रकाशनहरूको माग र प्रयोग स्थानीय प्रयोगकर्ताहरूबाट व्यापक रूपमा भएको अनुभव हामीसँग छ । हामीले प्रकाशन गरेका जिल्ला वस्तुगत विवरणहरूको विभिन्न क्षेत्रबाट प्रशंसा पनि हुने गरेको कुरा गर्वको विषय हो । पछिल्लो पटक तथ्याङ्क  कार्यालयहरूले प्रकाशन गरेका जिल्ला वस्तुगत विवरणहरूको समय सापेक्ष प्रयोग कुनै-कुनै खण्ड बाहेक प्रायः समाप्त भएको अवस्था छ । त्यस यता हामीले विभिन्न गणना तथा सर्वेक्षणहरू सम्पन्न गरीसक्यौं । अरू तथ्याङ्कीय निकायहरूले पनि सर्वेक्षणका नतिजाहरू प्रकाशनमा ल्याएका छन् ।कतिपय स्थानीय तहहरूले पनि संविधानप्रदत्त अधिकारको प्रयोग गर्दै तथ्याङ्क  उत्पादन र त्यसको अधिकतम प्रयोगतर्फ अग्रसरता देखाइरहेको पाइन्छ । केही वर्ष अगाडि नेपाल सरकारले राष्ट्रिय तथ्यगत विवरणको अवधारणा अगाडि सारेको प्रसङ्ग यहाँ स्मरणीय हुन आउँछ । राष्ट्रिय तथ्यगत विवरण पूर्ण कार्यान्वयन भएको अवस्थामा स्थानीय तहसम्मको डिजिटल प्रोफाइल उपलब्ध हुने सम्भावना पनि हामीसँग छँदै छ । संघ, प्रदेश र स्थानीय तहको सक्रिय सहभागिता र स्वामित्व प्राप्त हुन सक्यो भने राष्ट्रिय तथ्यगत विवरण कार्यक्रममार्फत् प्रदेश, जिल्ला र स्थानीयस्तरका डिजिटल प्रोफाइल पनि प्रयोगकर्ताहरूको लागि उपलब्ध हुनसक्ने देखिन्छ । तसर्थ यस कार्यालयको  आ.ब. २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने ६ वटा जिल्लाका ६० वटा स्थानिय तह मध्ये कुनै २ वटा स्थानीय तहको पालिका वस्तुगत विवरण  तयार  गर्नुपर्नेमा डडेल्धुरा जिल्लाको आलिताल गाउँपालिका र दार्चुला जिल्लाको मार्मा गाउँपालिकाको  वस्तुगत विवरण तयार गरी प्रकाशन गरियो ।

# खण्ड ३: जनतालाई दिइने सेवा तथा त्यसको व्यवस्थापन

## ३.१ कार्यालयमा प्रकाशन र वितरणको व्यवस्था:

तथ्याङ्क समन्वय कार्यालय कैलालीमा राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयहरुका प्रकाशनहरु वितरण र तथ्याङ्क उपलव्ध गराउने उद्देश्यले तथ्याङ्क प्रयोगकर्ताहरु तथा सर्वसाधारण जनताहरुको लागि पुस्तकालयको व्यवस्था गरिएको छ । कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका जिल्लाहरुको जिल्ला प्रोफाईल, ब्रोसर जस्ता प्रकाशन सामग्रीहरु आफै प्रकाशन गर्ने गर्दछ भने अन्य केन्द्रीय स्तरका प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त हुने गर्दछन् । कार्यालयमा तथ्याङ्क माग गर्न आउने सेवाग्राहीहरुलाई कार्यालयको सामाजिक विकास तथा पुस्तकालय फाँटबाट निःशुल्क रुपमा तथ्याङ्क एवम् प्रकाशनहरु सहज रुपमा उपलव्ध गराउने कार्य गरिन्छ ।

## ३.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशनहरुको माग तथा आपूर्ति व्यवस्था

राष्ट्रिय तथ्याङ्क कार्यालय बाट प्रकाशित हुने नियमित तथा आवधिक प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन वितरण तथा पुस्तकालय शाखाले यस कार्यालयमा नियमित रुपमा पठाउने गरेको छ तर कहिलेकाहीं विविध कारणले गर्दा प्रकाशनहरु ढिलो गरी आईपुग्ने गर्दछन् । राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन वितरण तथा पुस्तकालय शाखामा सम्पर्क गरी कम भएका वा प्राप्त नभएका प्रकाशनहरु माग गर्ने पनि गरिएको छ । यसरी माग गरिएका प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालय बाट समेत आपूर्ती हुने गरेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालय बाट प्राप्त हुने प्रकाशनहरुको कार्यालयमा अभिलेख समेत राख्ने गरिएको छ ।

## ३.३ पुस्तकालयको स्थापना तथा प्रयोग

यस कार्यालयमा आ.व.२०८१/८२ देखि पुस्तकालयको व्यवस्था गरिएको छ । पुस्तकालयमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट तथ्याङ्क समन्वय कार्यालय कैलाली र अन्य तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रकाशन भएका प्रकाशनहरु राखिएको छ । पुस्तकालयमा पुस्तकहरु सहज रुपमा सेवाग्राहीहरुलाई उपलब्ध गराउने र अध्ययनका लागि पर्याप्त रुपमा फर्निचरहरुको व्यवस्था मिलाईएको छ । कार्यालय समय भित्र जुनसुकै बेला पनि पुस्तकालयमा पुस्तकहरु अध्ययन गर्न सकिन्छ ।

## ३.४ कार्यालयबाट जारी भएको नागरिक वडापत्र

**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**तथ्याङ्क समन्वय कार्यालय, कैलाली**
**नागरिक वडापत्र**

| क्र. सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कै. |
|---|---|---|---|---|---|---|
| १. | गणना सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु.४००० ।- (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेकअन्य नेपाली नागरीक रु ५०००।- (ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु.८०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| २. | सर्वेक्षण सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।- (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेकअन्य नेपाली नागरीक रु. ३०००।- (ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ५०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| ३. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क | लिखित निवेदन र निर्णयको प्रतिलिपी | | | तथ्याङ्क समन्वय अधिकारी | लाग्ने खर्च सम्ब |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धी कार्यमा सहयोग गर्ने | | | | वा निजले तोकेको अधिकृत | न्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन फाँट | |
| ५. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन फाँट | |

सूचना अधिकारीः दान बहादुर ऐडी
सम्पर्क नम्बरः ९८५८४८१३४६
ईमेलः aide.dan26@gmail.com

तालुक निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
सम्पर्क नम्बरः ०१- ५३४५९४६
ईमेलः info@nsonepal.gov.np

## ३.५ सेवा प्रवाह प्रकृया तथा व्यवस्थापन

सेवा प्राप्त गर्नको लागि सेवाग्राहीहरुले सामाजिक विकास तथा पुस्तकालय फाँट वा सोझै कार्यालय प्रमुखसँग समेत सम्पर्क गर्न पाउने व्यवस्था गरिएको छ । पुस्तकालयमै बसी अध्ययन गर्न चाहनेले विभिन्न संघ संस्था र कार्यालयले लिखित रुपमा पत्राचार गरे अनुसार वा व्यक्तिगत रुपमा उपस्थित भई तथ्याङ्क,प्रकाशनहरु एवं अन्य सेवा उपलव्ध गराई पाउँ भनेमा कार्यालयमा उपलव्ध भए सम्मको तथ्याङ्क तथा प्रकाशनहरु निःशुल्क उपलब्ध गराइनेछ ।

# खण्ड ४: कार्यालयको आर्थिक प्रशासन विवरण

## ४.१ गत आ .व. २०८२/८३ को बजेट, खर्च, भौतिक तथा वित्तीय प्रगति

आ.व. २०८२/८३ मा यस कार्यलयको सञ्चालनका लागि पुँजीगत तर्फ ६ लाख ३० हजार र चालु तर्फ २ करोड ८ लाख ४९ हजार ८३२ गरी जम्मा २ करोड १४ लाख ७९ हजार ८३२ बजेट विनियोजन गरिएकोमा पुँजीगत तर्फ विनियोजित बजेट मध्ये ६ लाख ३० हजार र चालु तर्फ १ करोड ६३ लाख ३७ हजार ७५६ पैसा ८६ बजेट खर्च भएको थियो । पुँजीगत तर्फको वित्तिय प्रगति भौतिक प्रगति १०० प्रतिशत रहेको थियो भने चालु तर्फ वित्तिय प्रगति ७८.३६ प्रतिशत र भौतिक प्रगति ९९ प्रतिशत रहेको थियो । समग्रमा वित्तीय प्रगति ७८.९९ प्रतिशत र भौतिक प्रगति ९९ प्रतिशत रहेको थियो । त्यस्तै कार्यक्रम तर्फको वित्तिय प्रगति ७१.३६ प्रतिशत र भौतिक प्रगति ९९ प्रतिशत रहेको थियो ।

| खर्च शिर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २११११ पारिश्रमिक कर्मचारी | ११,३३६,०००.०० | ८,४०८,५१३.४० | ७४.१८ |
| २११२१ पोशाक | १८०,०००.०० | १४०,०००.०० | ७७.७८ |
| २११३२ महंगी भत्ता | ८००,८३२.०० | ८००,८३२.०० | १००.०० |
| २११३९ अन्य भत्ता | ५६,०००.०० | ४२,४५०.०० | ७५.८० |
| २१२१२ योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | १२५,०००.०० | १०५,८५१.४६ | ८४.६८ |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | ८७,०००.०० | ६४,२००.०० | ७३.७९ |
| २२१११ पानी तथा बिजुली | १९६,०००.०० | ६०,९९५.०० | ३१.१२ |
| २२११२ संचार महसुल | ९५,०००.०० | ४५,५७४.०० | ४७.९७ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४२४,०००.०० | ३९९,६०३.०० | ९४.२५ |
| २२२१३ सवारी साधन मर्मत खर्च | २९९,०००.०० | २९६,७७८.०० | ९९.२६ |
| २२२१४ विमा तथा नवीकरण खर्च | ६०,०००.०० | ५१,३०२.०० | ८५.५० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १००,०००.०० | ९४,६६७.०० | ९४.६७ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ३३२,०००.०० | २८७,७६०.०० | ८६.६७ |
| २२४१३ करार सेवा शुल्क | १,०५५,०००.०० | १,०५१,१५५.०० | ९९.६४ |
| २२५११ कर्मचारी तालिम खर्च | ९५,०००.०० | ४६,८००.०० | ४९.२६ |

| खर्च शिर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १०४,०००.०० | ५७,०००.०० | ५४.८१ |
| २२५२२ कार्यक्रम खर्च | ३,७०१,०००.०० | २,७६०,१३५.०० | ७४.५८ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३०६,०००.०० | १२९,८२२.०० | ४२.४३ |
| २२६१२ भ्रमण खर्च | ५८,०००.०० | ५६,७४०.०० | ९७.८३ |
| २२७११ विविध खर्च | २४०,०००.०० | २३७,५७९.०० | ९८.९९ |
| २८१४२ घर भाडा | १,२००,०००.०० | १,२००,०००.०० | १००.०० |
| चालु तर्फ जम्मा | २०,८४९,८३२.०० | १६,३३७,७५६.८६ | ७८.३६ |
| चालु र पूँजीगत जम्मा | २१,४७९,८३२.०० | १६,९६७,७५६.८६ | ७८.९९ |

## ४.२ कार्यक्रम तर्फको वार्षिक बजेट, खर्च, वित्तिय र भौतिक प्रगति

| कार्यक्रमको नाम | बजेट | खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| सहकारी सर्वेक्षण (गणक तालिम) | ९५,०००.०० | ४६,८००.०० | ४९.२६ | १०० |
| तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम | ५७,०००.०० | ५७,०००.०० | १००.०० | १०० |
| प्रादेशिक राष्ट्रिय लेखा संग सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम | ४७,०००.०० | ०.०० | ०.०० | ० |
| प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानको सार्वजनिकीरण (National Accounts) | ५४,०००.०० | २७,५००.०० | ५०.९३ | १०० |
| त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य | ३१५,०००.०० | ८१,८२५.०० | २५.९८ | १०० |
| निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | १९८,०००.०० | १५३,९४०.०० | ७७.७५ | १०० |
| कृषि क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | १८०,०००.०० | १८०,०००.०० | १००.०० | १०० |

| कार्यक्रमको नाम | बजेट | खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
| --- | --- | --- | --- | --- |
| कृषि उपजहरुको उत्पादक मूल्य संकलनमा सहजीकरणको लागि अगुवा कृषकहरुलाई प्रोत्साहन / यातायात खर्च | ८१,०००.०० | ८१,०००.०० | १००.०० | १०० |
| त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण | २५७,०००.०० | २२३,३६०.०० | ८६.९१ | १०० |
| वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण | २४९,०००.०० | २४५,६५५.०० | ९८.६६ | १०० |
| प्रादेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्कको प्राविधिक समितिको बैठक | ९९,०००.०० | ४९,५००.०० | ५०.०० | ५० |
| नेपाल व्यावसायिक तरकारी वाली सर्वेक्षण( सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य) | १९८,०००.०० | १९६,८४०.०० | ९९.४१ | १०० |
| नीजि स्वास्थ्य संस्था सर्वेक्षण २०८२ (सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य) | ३२,०००.०० | ३२,०००.०० | १००.०० | १०० |
| स्थलगत यातायात सर्वेक्षण २०८२(सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य) | १०८,०००.०० | १०५,०१०.०० | ९७.२३ | १०० |
| नेपाल व्यावसायिक तरकारीबाली सर्वेक्षण(स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति) | ९४,०००.०० | ९४,०००.०० | १००.०० | १०० |
| नीजि स्वास्थ्य संस्था सर्वेक्षण २०८२ (स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति ) | ३१,०००.०० | ३१,०००.०० | १००.०० | १०० |
| स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति | २५२,०००.०० | ०.०० | ०.०० | १०० |

| कार्यक्रमको नाम | बजेट | खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| नेपाल व्यवसायिक तरकारी वाली सर्वेक्षण (मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य) | २५२,०००.०० | ९२,३७०.०० | ३६.६५ | १०० |
| नीजि स्वास्थ्य संस्था सर्वेक्षण २०८२ (मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य) | ६३,०००.०० | ५९,३१०.०० | ९४.१४ | १०० |
| स्थलगत यातायात सर्वेक्षण २०८२ (मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य) | २२९,०००.०० | २२०,५५५.०० | ९६.३१ | १०० |
| आन्तरिक पर्यटन सर्वेक्षण (तथ्याङ्क सङ्कलन अनुगमन तथा सुपरिवक्षेण) | ३७०,०००.०० | ३६९,९२०.०० | ९९.९८ | १०० |
| अस्थायी बालीको उत्पादन लागत अध्ययन (तथ्याङ्क सङ्कलन अनुगमन तथा सुपरिवक्षेण) | ४५,०००.०० | ०.०० | ०.०० | १०० |
| आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरीफिकेशन तथा सुपरिवेक्षण | ४५,०००.०० | १२,३५०.०० | २७.४४ | १०० |
| तथ्याङ्क दिवस मनाउने | ४५,०००.०० | ४५,०००.०० | १००.०० | १०० |
| वार्षिक प्रगति प्रतिवेदन (विद्दुतीय प्रति) तयारी छलफल | ४५,०००.०० | ०.०० | ०.०० | १०० |
| स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम | २७०,०००.०० | २७०,०००.०० | १००.०० | १०० |
| पालिका प्रोफाइल (विद्दुतीय प्रति) तयारीको लागि तथ्याङ्क सङ्कलन र सुपरिवेक्षण | १८०,०००.०० | १८०,०००.०० | १००.०० | १०० |
| तथ्याङ्क उत्पादन सम्बन्धी विभिन्न कार्यहरु (अन्य) | ९,०००.०० | ९,०००.०० | १००.०० | १०० |
| स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन | १६७,०००.०० | ३८,१००.०० | २२.८१ | १०० |
| कार्यक्रम तर्फको जम्मा खर्च | ४,०६७,०००.०० | २,९०२,०३५.०० | ७१.३६ | १०० |

## ४.३ बेरुजुको अवस्था

कार्यालय संचालनको सिलसिलामा यस कार्यालयमा हुन गएका विभिन्न बेरुजुहरु समयमै कारबाही चलाई फछ्र्यौट गरिएको छ । कार्यालय स्थापना देखिका बेरुजुहरु नियमित गर्नुपर्ने भए नियमित र असुल गर्नु पर्ने असुल उपर गराई लगत कट्टा गराई पञ्जीकरण गर्ने कार्य वार्षिक रुपमा हुदै आएको छ । विभिन्न आर्थिक वर्षहरुमा औंल्याएका बेरुजु शिर्षकहरु उपर यस कार्यालयबाट आवश्यक कारवाही गरी समपरीक्षण भैसकेका छन् । गत आ.व.२०८२/८३ का सम्पूर्ण श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण सकिएको हुनाले उक्त लेखा परीक्षणको प्रतिवेदन अनुसार कुनै पनि किसिमको बेरुजु देखिएको छैन ।

## ४.४ कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण

यस कार्यालयबाट सञ्चालन गरिने वार्षिक कार्यक्रमका फिल्ड कार्यहरुको अनुगमन तथा सुपरिवेक्षण नियमित रुपमा गरिँदै आएको छ । फिल्ड निरीक्षणमा गणक कर्मचारी तथा उत्तरदाता दुवै संग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क गर्ने गरिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने कार्यक्रमका फिल्ड कार्यहरुको पनि निर्देशनानुसार निरीक्षण यस कार्यालयले गर्दै आएको छ र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट कतिपय कार्य सम्पादनको सिलसिलामा फिल्ड निरीक्षणका लागि आएका निरीक्षकहरुलाई फिल्ड निरीक्षणमा सहयोगीको भूमिका समेत यस कार्यालयले खेल्दै आएको छ । भगौलिक विकटता, यातायातका साधनको अभाव र राष्ट्रिय तथ्याङ्क कार्यालयले गत आ. व. मा सञ्चालन गरेका सहकारी सर्वेक्षण, स्थलगत यातायात सर्वेक्षण,व्यावसायिक तरकारीबाली सर्वेक्षण, आन्तरिक पर्यटन सर्वेक्षण आदि एकै समयमा सञ्चालन हुँदा गुणस्तरीय सुपरिवेक्षण तथा अनुगमन गर्न चुनौतीपूर्ण रह्यो ।

# खण्ड ५: कार्यालयको भौतिक अवस्था

## ५.१ कार्यालयको भौतिक पूर्वाधार :

यस तथ्याङ्क समन्वय कार्यालय कैलालीको नाममा हाल जग्गा नरहेको तर निकट भविश्यमा जग्गा प्राप्ति हुने चरणमा रहेको छ । हाललाई कैलाली जिल्लाको धनगढी उपमहानगरपालिको वडा न.२ तारानगर स्थित भाडाको घरमा कार्यालय सञ्चालन भइरहेको छ । कार्यालयमा रहेका दरबन्दी अहिलेको समयमा पदपूर्ति हुन गैरहेको अवस्थामा उक्त कोठाहरु कर्मचारीलाई अपुग भएका देखिन्छन् र कार्यालयका कामकाज गर्न अलिकता असजिलो भएको देखिन्छ । सवारी साधनमा कार्यालयमा एउटा गाडी र २ वटा मोटरसाईकल चालुअवस्थामा रहेका छन् भगौलिक विकटताले गर्दा तथ्याङ्क संकलन तथा अनुगमन र सुपरिवेक्षण गर्ने प्रयोजनको लागि हाल रहेका सवारी साधनहरु अपुग र थप सवारी साधनको आवश्यकता महशुस गरिएको छ ।

## ५.२ सम्पत्ति तथा जिन्सी मालसमानको विवरण र अवस्था

| सि.नं. | सामग्रीको नाम | ईकाई | संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | चालु अवस्थामा रहेको | मर्मत गर्नुपर्ने | विग्रेको | जम्मा | |
| १ | मोटर साइकल | थान | ४ | ० | १ | ५ | |
| २ | पिक अप भ्यान | थान | १ | ० | ० | १ | |
| ३ | साइकल | थान | १ | ० | ० | १ | |
| ४ | डेस्कटप कम्प्युटर | सेट | ८ | १ | २ | ११ | |
| ५ | ल्यापटप | थान | ११ | ० | ४ | १५ | |
| ६ | टयावलेट | थान | १ | ० | ३ | ४ | |
| ७ | राउटर | थान | २ | ० | ० | २ | |
| ८ | सि.सि. क्यामेरा | सेट | १ | ० | ० | १ | |
| ९ | LED Display | थान | १ | ० | ० | १ | |
| १० | प्रिन्टर | थान | १३ | १ | १ | १५ | |
| ११ | प्रोजेक्टर | थान | २ | ० | ० | २ | |
| १२ | एयर कण्डीसनर | थान | ५ | ० | ० | ५ | |
| १३ | भ्याकुम क्लिनर | थान | ० | २ | ० | २ | |
| १४ | ब्याट्री | थान | ३ | ० | १ | ४ | |

| सि.नं. | सामग्रीको नाम | ईकाई | संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | चालु अवस्थामा रहेको | मर्मत गर्नुपर्ने | विग्रेको | जम्मा | |
| १५ | आइरन | थान | १ | ० | ० | १ | |
| १६ | मिक्चर | थान | १ | ० | ० | १ | |
| १७ | इन्भर्टर | थान | १ | ० | १ | २ | |
| १८ | टेबुल | थान | २८ | ० | १२ | ४० | |
| १९ | टि-टेवुल | थान | ११ | ० | ३ | १४ | |
| २० | रिभल्विङ्ग चियर | थान | १४ | १ | ४ | १९ | |
| २१ | स्टिल दराज | थान | ११ | १ | ३ | १५ | |
| २२ | खाट/ पलङ्ग | थान | ७ | ० | ५ | १२ | |
| २३ | सोफासेट | सेट | ६ | ० | ३ | ९ | |
| २४ | र्याक | थान | ० | ० | ३ | ३ | |
| २५ | डाइनिङ्ग टेवुल | सेट | १ | ० | ० | १ | |
| २६ | हाजिर मेसिन | थान | १ | ० | ० | १ | |
| २७ | ग्यास सिलिण्डर | थान | ३ | ० | ० | ३ | |
| २८ | कम्प्युटर टेवुल | थान | ३ | ० | १ | ४ | |
| २९ | बुक सेल्फ | थान | ३ | ० | ० | ३ | |
| ३० | काठको दराज | थान | ० | ० | ७ | ७ | |
| ३१ | Electric Water Dispenser | थान | १ | ० | ० | १ | |
| ३२ | फ्रिज | थान | १ | ० | ० | १ | |
| ३३ | ह्वाईट बोर्ड | थान | २ | ० | ० | २ | |

# खण्ड ६ः सूचना तथा प्रविधिको अवस्था

## ६.१ सूचना प्रविधिको भौतिक पुर्वाधारको  विवरण

वर्तमान समय सूचना प्रविधिको युग भएकोले कार्यालय सञ्चालन तथा कार्यालयका काम कारवाही चुस्तदुरुस्त तरिकाले सम्पन्न गर्न सूचना प्रविधिको  आवश्यकता पर्दछ । जसको लागि टेलिफोन ,कम्प्युटर ,इन्टरनेट सुविधा  तथा तत् सम्बन्धी प्राविधिक ज्ञानको आवश्यकता  पर्दछ । यस कार्यालयले तथ्याङ्क संकलन पश्चात संकलित तथ्याङ्कको इलेक्ट्रोनिक कपि राष्ट्रिय तथ्याङ्क कार्यालयका सम्बन्धित शाखाहरुमा पठाउने व्यवस्था मिलाईएको छ । यस कार्यालयले प्रदान गर्ने सेवाहरुलाई प्रभावकारी रुपमा सेवाग्राही समक्ष  पुर्याउन  तथ्याङ्क अधिकृत, श्री  दान बहादुर ऐडीलाई सूचना अधिकारीको जिम्मेवारी तोकिएको छ । कार्यालयले सेवाग्राहीहरुलाई इमेल,फोन मार्फत् समेत सेवा प्रदान गर्दिँदै आएको छ । यस कार्यालयमा आएका गुनासो सुन्न गुनासो सुन्ने अधिकारीको रुपमा यस कार्यालयका तथ्याङ्क  समन्वय अधिकारी, श्री गोविन्द प्रसाद न्यौपानेलाई जिम्मेवारी तोकिएको छ ।

| सि.न. | चालु अवस्थामा रहेका साधन | संख्या |
|---|---|---|
| १ | डेस्कटप कम्प्युटर सेट चालु रहेका | ९ |
| २ | ल्यापटप | ८ |
| ३ | फोन सेट | १ |
| ४ | प्रिन्टर चालु | ८ |
| ५ | इन्टरनेट सेवा | २ |
| ६ | सूचना पाटी | २ |
| ७ | उजुरी पेटिका | १ |
| ८ | सफ्टवेयरको प्रयोग | Windows 10/11 MS Office 11-19, SPSS, GIS |

## ६.२ सफ्टवेयरको प्रयोग

क) Microsoft Office: Frequently

ख) Gis : Frequently

ग) Spss: Frequently

घ) Google Earth: Sometimes

ङ) CSPro: Sometimes

## ६.३ कर्मचारीहरुमा सप्टवेयर ज्ञान

धेरैजसो स्टापहरुलाई सप्टवेरहरुको वारेमा जानकारी छैन भने केही कर्मचारीहरुलाई मात्र अफिस प्रोग्रामहरुको बारेमा सामान्य जानकारी छ । कम्प्युटरको बारेमा कार्यालयका स्टापहरुलाई राष्ट्रिय तथ्याङ्क कार्यालयबाट बाट बेला बेलामा तालिमको व्यवस्था हुन अत्यन्त आवश्यक छ ।

## ६.४ सूचना प्रविधि सम्बन्धि तालिमको आवश्यक्ता :

योग्यता रुची र आवश्यक्ता अनुसार कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धि तालिमको अत्यन्त आवश्यक्ता महशुस भएको छ।

# खण्ड ७: कार्यालयका समस्या र समाधानका उपायहरु

## ७.१ कार्यालयका मौजुदा समस्या विभिन्न

- ✓ सेवाग्राहीको आवश्यकता र माग अनुसारका खण्डिकृत तथ्याङ्क (वडा स्तरका ) अपेक्षित रुपमा उपलब्ध गराउन नसकिएको
- ✓ तथ्याङ्कको महत्व र भूमिका बारे जनमानसमा अनविज्ञता रहनुले तथ्याङ्क संकलन कार्यमा कठिनाई परेको
- ✓ तथ्याङ्क समन्वय कार्यालय तथ्याङ्क संकलन कार्यमा मात्र सीमित रहेको र पूर्ण विकेन्द्रीकरणको अभाव,
- ✓ कार्यालयको आफ्नै भवन नभएकोले कार्यालय व्यवस्थापनमा समस्या भएको,
- ✓ तथ्याङ्क उत्पादन गर्ने निकायहरूबीच प्रभावकारी समन्वयको अभावमा प्रकासित तथ्याङ्कमा विश्वसनीयता कायम रहन नसक्नु
- ✓ आर्थिक अभावले तथ्याङ्क अद्यावधिक गर्ने कार्य नियमित हुन नसकेको,
- ✓ सबै कर्मचारीमा तथ्याङ्क सम्बन्धी कम्प्युटर सफ्टवेयर (CSPro , SPSS , GIS ) को गहिरो ज्ञान नहुनाले कर्मचारीको प्राविधिक व्यक्तित्व विकास हुन नसकी तथ्यांकीय दक्षतामा कमी महशुस गरिएको,
- ✓ योजना, नीति निर्माण, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्यहरुमा तथ्याङ्कले कम प्राथमिकता पाउनु,
- ✓ तथ्याङ्क ऐन, नियमहरुका प्रावधानहरुको बारेमा सरोकारवालाहरु अनविज्ञ रहनु,
- ✓ विशेष गरी आर्थिक क्षेत्र (उद्योग, व्यापार, आम्दानी खर्च) संग सम्बन्धित तथ्याङ्क प्रदायकले सही तथ्याङ्क नदिनु र दिन हिच्किचाउनु ,
- ✓ तथ्याङ्कीय कार्यको लागि स्थानीय स्तरमा खासै लगानी नहुनु र पर्याप्त बजेटको अभाव रहनुका साथै बजेट निर्धारण गर्दा तथ्याङ्क क्षेत्रले न्यून महत्व पाउनु,
- ✓ कार्यक्रम सञ्चालन दिग्दर्शनको अभाव,
- ✓ कर्मचारीहरुको कार्यविवरण नहुनु,
- ✓ उत्तरदाताहरुमा बढी अपेक्षा तथा नैराश्यता,
- ✓ यस कार्यालयको कार्यक्षेत्र तराई देखि विकट हिमाली क्षेत्रसम्म फैलिएकोले तथ्याङ्क संकलन, अनुगमन सुपरिवेक्षण तथा गोष्ठी कार्यक्रम गर्न कठिनाई रहेको ।

## ७.२ समस्या समाधानका उपायहरु

- ✓ कार्यालयका कर्मचारीहरुलाई प्रशासनिक तालिमको साथसाथै तथ्याङ्क सम्बन्धि कम्प्युटर तालिम र सेवाकालीन तलिमको व्यवस्था गर्नुपर्छ ,
- ✓ विभिन्न निकायहरु र तथ्याङ्क समन्वय कार्यालयबीच केन्द्रबाटै नीतिगत व्यवस्था गरी समन्वयका लागि पहल गर्नुपर्ने । यसबाट विभिन्न निकायहरु बीचको तथ्याङ्कीय दोहोरोपना हटाउन सकिन्छ,

- ✓ स्थानीय स्तरमा तथ्याङ्क सम्बन्धि जानकारीका लागि तालिम ,सचेतना गोष्ठी तथा प्रयोग सम्बन्धि कार्यक्रमको विस्तार हुनु पर्दछ ,
- ✓ स्थानीयस्तरको माग अनुसार तथ्याङ्क उपलब्ध गराउन सो अनुसारको सर्वेक्षण गरिनु पर्दछ ,
- ✓ जिल्लामा रहेको तथ्याङ्क समन्वय समितिले सक्रियरुपमा भूमिका खेल्नु पर्दछ सोका लागि उचित व्यवस्थापन गरिनु पर्दछ ,
- ✓ तथ्याङ्क समन्वय कार्यालयको पुँजीगत सुधार गरिनु पर्दछ ,
- ✓ स्थानियस्तरको तथ्याङ्क जिल्लामै उत्पादन तथा वितरण गर्ने व्यवस्था मिलाइनु पर्दछ ,
- ✓ तथ्याङ्क कार्यालयका कर्मचारीको मनोबल उच्च राख्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट वैदेशिक भ्रमण शैक्षिक तालिम/अध्ययन भ्रमणका लागि हुने मनोनयनमा उच्च प्राथमिकता दिनु पर्दछ ,
- ✓ तथ्याङ्क ऐन, २०७९ मा भएका व्यवस्थाहरु यथाशीघ्र लागु गर्नु पर्दछ ,
- ✓ क्याम्पस र विद्यालयस्तरीय तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी तथा हाजिर जवाफ कार्यक्रम संचालन गर्न सकिन्छ । यसबाट जनगणनाका समयमा मात्र चिनिने कार्यालय अन्य समयमा पनि सर्वसाधारणले चिन्ने अवसर प्राप्त हुन्छ र कार्यालयको पहिचान र साख बढ्छ ,
- ✓ कर्मचारीहरुको पद अनुसारको कार्य विवरण तयार गरिनु पर्दछ ।

# केहि प्रतिनिधिमुलक तस्विरहरु




तथ्याङ्क दिवस,२०८२



निजी स्वास्थ्य सेवा प्रदायकसंग तथ्याङ्क सकंलन गर्दै



स्थलगत यातायात सर्वेक्षणको तथ्याङ्क संकलन गर्दै




सूदुरपश्चिम प्रदेशको जिडीपी सार्वजनिकीकरण कार्यक्रम



SPA College मा तथ्याङ्कीय साक्षरता कार्यक्रम



अमरगढी नगरपालिकामा तथ्याङ्कीय साक्षरता कार्यक्रम



वित्थड चिर गाँउपालिकामा तथ्याङ्कीय साक्षरता कार्यक्रम